श्री जनजागृति आधारभूत विद्यालय

रुरुक्षेत्र - २ ग्वादी, गुल्मी
गण्डकी प्रदेश, नेपाल
स्था

चलानी नं २१
पत्र संख्या २०८३/०८४

मिति २०८३/०८/०१

विषय स्थायी शिक्षक सरुवाका लागि दरखास्त आह्वान सम्बन्धमा ।

प्रस्तुत विषयमा रुरुक्षेत्र गाउपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको च.न.३५ र मिति २०८३-०८-०१ को स्थायी शिक्षक सरुवाका लागि सुचना प्रकासन गर्ने अनुमती अनुसार श्री जनजागृति आधारभुत विद्यालय रुरुक्षेत्र गा.पा.२ ग्वादी गुल्मीको मिती २०८३-०६-१५ गतेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम यस विद्यलयमा मिती२०८३-०६-०८ गते देखि रिक्त रहेको प्राथमिक तह द्वितीय श्रेणीको स्थायी शिक्षक दरबन्दीमा सरुवा मार्फत तृतीय श्रेणीमा स्थायी शिक्षक पदपुर्ती गरिने भएकाले शिक्षा ऐन २०२८,शिक्षा नियमावली २०५९ को (दशौ संसोधन)२०८३ तथा प्रचलित शिक्षक सरुवा कानुनी व्यवस्था बमोजिम उक्त रिक्त पदमा सरुवा हुन इच्छुक स्थायी शिक्षकहरुबाट तपसिल बमोजिमका कागजात संलग्न गरि दरखास्त दिनुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपशिल:

तह: प्राथमिक

श्रेणी: तृतीय

निवेदन पेश गर्ने मिती:२०८३-०८-१ देखि २०८३-०८-१५ गते सम्म विद्यालय समय अवधि भित्र आवश्यक कागजातहरु:

१) सरुवाको लागि निवेदन।
२) नेपाली नागरिकताको प्रतिलिपि।
३) स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।
४) सेवा अवधि खुल्ने कागजात।
५) शैक्षिक योग्यता तथा तालिमका प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
६)सुरु हाजिर भएको पत्रको प्रमाणित प्रतिलिपि।
७) सम्बन्धित विद्यालय तथा स्थानिय तहको सहमति पत्र।
८) सम्बन्धित समन्वय इकाइको सहमति पत्र -वाह्य जिल्लाका लागि)
९) शिक्षा नियमावली २०५९(दशौ संशोधन) २०८३ बमोजिम प्राथमिकतामा दावि गर्ने प्रमाणित कागजात (आवश्यक भएमा)
१०) शिक्षा नियमावली २०५९ को अनुसुची १७ बमोजिमको फारम ।

उक्त मिती भित्र प्राप्त निवेदनहरु संकलन गरी शिक्षा नियमावली २०५९ (दशौ संशोधन २०८३ तथा प्रचलित कानुन बमोजिम मुल्यांकन गरी आवश्यक प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

बोधार्थ

१) श्री शिक्षा विकास तथा समन्वय इकाई गुल्मी (जानकारी तथा वेवसाइटमा प्रकासनका लागि)
२)श्री शिक्षा युवा तथा खेलकुद शाखा रुरुक्षेत्र गाउपालिका (जानकारीका लागि सम्पर्क नम्बर नि.प्र.अ.९८४४७०६१३० इमेल : primarysatakhola@gmail.com

सरस्वती

नि.प्र.अ. सरस्वती ज्ञवाली अर्याल